मुद्रण विभाग

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र २१ गते २०११ साल

## भाग ११

### पब्लिक वर्क्स तथा संचारमन्त्रालयको विज्ञप्ति.

हमो ६।७–५६८।०११ १३–५–०११

नेपालराज्यभर मुलुकको विभिन्न ठाउँमा सडक कच्ची या पक्की बनाई मोटर सर्भिस चलाउन पाऊँ भन्ने दरखास्तहरू अगाडिदेखि परिरहेको र हालमा पनि पर्दै रहेको हुनाले यसबारेमा के गरे सरकार तथा जनता दुवैलाई बढीसे बढी फायदा हुन आउँछ भनी विचार गर्दा अहिलेसम्म जो जति दरखास्तहरू आएका छन्, ती सबै प्रत्येक जिल्लाको छुट्याई जिल्ला गोस्वारामा पठाउने र अगाडि रु.१ एकको टिकट टाँसी दरखास्त दिनेले फेरि दरखास्त दिनुपर्दैन। त्यसमा थप अरु दरखास्त आउँछन् कि भनी बुझ्न अरुले दिने भएमा कस्तो शर्तमा सडक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

बनाई सर्भिस चलाउने हो, मष्ट खुलाई नियममुताबिक रु. १ एकको टिकट टाँसी दरखास्त दिनु भन्ने जिल्ला जिल्लामा २१ दिने म्याद टाँसिने हुनाले सोबमोजिम रीत पुगेपछि उचित कारवाई हुनेछ। यसबारेको आदेश प.व.म.पा.रि.नि. मा पठाइसकेकोले सबैलाई विदित गराउन यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले —

टंकप्रसाद अधिकारी.

सेक्रेटरी—प.व. सं. मन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। हाकिम सरदार विष्णुध्वज जोशी।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म